# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(सूचना प्रविधि उप-शाखा)

पत्र संख्या : ०८०/८१
चलानी नं. : 666

मिति : २०८०/०८/१८

श्री वडा कार्यालयहरु सबै,
मिथिला नगरपालिका, धनुषा ।

विषय : विवरण उपलब्ध गराउने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंको प. सं. २०८०/०८१ चलानी नं. २१३ मिति २०८०/०८/१५ गतेको पत्र यसै पत्रसाथ संलग्न छ । सो पत्रमा उल्लेख भए बमोजिमको विस्तृत व्यहोरा अवगत भई माग भए बमोजिमको विवरण तपसिलको फारमको ढाँचामा तयार गरी यस पालिकाको ईमेल (ito.mithlamun@gmail.com) वा सूचना प्रविधि शाखामा ७ दिन भित्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

फारमको ढाँचा

| क्र.स. | वडा न. | ठाउको नाम | Voice र Data सेवाको अवस्था | | इन्टरनेटको अवस्था | | पालिकामा दुरसंचार सेवा सुधार गर्न मन्त्रालयलाई सुझाव |
|---|---|---|---|---|---|---|---|
| | | | NTC | NCELL | NTC | अन्य सेवा प्रदायक | |
| | | | | | | | |
| | | | | | | | |

बसन्त न्यौपाने
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- २९३

मिति:- २०८०/०८/१५

विषय:- जानकारी सम्बन्धमा।

मिथिला नगरपालिका
धनुषा
दर्ता नं.- २०५५
मिति २०८०/८/१८ (?)

श्री स्थानीय तह (सबै)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं. प्रशासन/११३७ मिति २०८०/०८/१४ को आवश्यक सहयोग गरिदिने सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी माग भए बमोजिमको विवरण तोकिएको WhatsApp/Viber र ईमेलमा उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ ।

८/१४ (?)

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थ:

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखा:- Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## प्रशासन तथा विकास सहायता समन्वय शाखा

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८०/८१

च.नं. :- प्रशासन/११३७

मिति :- २०८०/०८/१४

विषयः आवश्यक सहयोग गरिदिने बारे।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

प्रस्तुत विषयमा देशका सबै पालिकाहरूबाट दूरसञ्चार र सूचना प्रविधि क्षेत्रको वर्तमान अवस्थाको तथ्याङ्क संकलन गरी मन्त्रालयले त्यस क्षेत्रको विस्तार र विकासको कार्ययोजना निर्माण गर्न गईरहेको हुनाले तहाँ मन्त्रालयबाट यसै पत्रसाथ संलग्न पत्र र फारामको ढाँचालाई सबै पालिकाहरुसम्म पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sabitra Devkota Poudel
sabitradevkota@nepal.gov.np

.........................................

(सावित्रा देवकोटा पौडेल)

शाखा अधिकृत

विषय:- दूरसञ्चार र Internet सेवाको अवस्था बारे।

श्रीमान् प्रमुख/अध्यक्ष ज्यू
महानगर/उपमहानगर/नगर तथा गाउँपालिका सवै।

प्रस्तुत विषयमा त्यस पालिका र अन्तर्गतका सबै वडाहरुमा दूरसञ्चार र ईन्टरनेट सेवाको वर्तमान अवस्थाको जानकारी लिई आवश्यक सुधारको लागि कार्ययोजना बनाउने माननीय मन्त्रीज्यूको निर्देशन भए अनुसार तपसिलको फारामको ढाँचामा तयार गरी त्यस पालिकाको विवरण WhatsApp/Viber(9842869245) र ईमेल (mocitministersecretariat@gmail.com) मा उपलब्ध गराई आवश्यक सहयोग गरिदिनुहुन निर्देशानुसार अनुरोध गर्दछु।

२

फारामको ढाँचा:

| क.स. | जिल्ला | पालिकाको नाम | वडा नं. | ठाउँको नाम | Voice र Data सेवाको अवस्था | | ईन्टरनेटको अवस्था | | पालिकामा दूरसञ्चार सेवा सुधार गर्न मन्त्रालयलाई सुझाव |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | NTC | NCELL | NTC | अन्य सेवा प्रदायक | |
| | | | | | | | | | |